शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः९ संख्याः २ प्रकाशित मितिः२०८३/०३/५

भाग - २

स्वीकृत मितिः २०८३/०२/२९

शंखरापुर नगरपालिकाको माध्यमिक तह कक्षा (११-१२) निःशुल्क अध्ययन कार्यक्रम व्यवस्थापन निर्देशिका,२०८३

प्रस्तावना

शंखरापुर नगरपालिकाका सामुदायिक विद्यालयमा सञ्चालित सबै समूहमा कक्षा (११-१२) मा अध्ययनरत बालबालिकाहरुलाई सहुलियतमा अध्ययनको अवसर प्रदान गरी माध्यमिक तह कक्षा (११-१२) मा पहुँच र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले शंखरापुर नगरपालिकाले शिक्षा नीति, बजेट तथा कार्यक्रम अन्तर्गत माध्यमिक तह कक्षा (११-१२) मा अध्ययनरत बालबालिकाहरुका लागि निःशुल्क अध्ययन सहयोग कार्यक्रमको प्रभावकारी कार्यान्वयन प्रयोजनार्थ माध्यमिक तह कक्षा (११-१२) निःशुल्क अध्ययन कार्यक्रम व्यवस्थापन निर्देशिका तयार गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) एवम् यस नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा

(४) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी शंखरापुर नगरपालिकाले यो निर्देशिका बनाएको छ ।

परिच्छेद एक
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

यो निर्देशिकाको नाम: शंखरापुर नगरपालिकाको माध्यमिक तह कक्षा (११-१२) नि:शुल्क अध्ययन कार्यक्रम व्यवस्थापन निर्देशिका,२०८३ रहेको छ ।यो निर्देशिका शंखरापुर नगरपालिका कार्यपालिकाबाट स्वीकृत भए पश्चात् राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

क. "प्रमुख" भन्नाले शंखरापुर नगरपालिका प्रमुख सम्झनु पर्छ ।

ख. "उपप्रमुख" भन्नाले शंखरापुर नगरपालिका उपप्रमुख सम्झनु पर्छ ।

ग. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले शंखरापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयका प्रमुख सम्झनुपर्छ ।

घ. "शाखा प्रमुख" भन्नाले शंखरापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयका प्रमुख शिक्षा अधिकृत सम्झनुपर्छ ।

ङ. "सामुदायिक विद्यालय" भन्नाले शंखरापुर नगरपालिका क्षेत्र भित्र रहेका सरकारी अनुदान प्राप्त नेपाल सरकारबाट स्वीकृत वा अनुमति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्छ ।

च. "माध्यमिक तह" भन्नाले कक्षा (९-१२) सम्झनु पर्छ ।

छ. "कार्यपालिका" भन्नाले शंखरापुर नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

ज. "नगरपालिका" भन्नाले शंखरापुर नगरपालिका सम्झनु पर्छ ।

झ. "वडा कार्यालय" भन्नाले शंखरापुर नगरपालिकाका (१-९) वडा कार्यालय सम्झनु पर्छ ।

ञ. "भर्ना शुल्क" भन्नाले सम्बन्धित सामुदायिक विद्यालयले कक्षा (११-१२) मा अध्ययनका लागि भर्नाको समयमा भर्नाबापत सम्बन्धित अभिभावक वा विद्यार्थीबाट लिएको शुल्क सम्झनु पर्छ ।

ट. "शिक्षण शुल्क" भन्नाले सम्बन्धित सामुदायिक विद्यालयले कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुबाट शिक्षण सिकाई सहजीकरण बापत विद्यालयले सम्बन्धित अभिभावक वा विद्यार्थीबाट लिएको मासिक शुल्क सम्झनु पर्छ ।

ठ. परीक्षा शुल्क" भन्नाले सम्बन्धित सामुदायिक विद्यालयले परीक्षा बापत विद्यार्थीहरुबाट लिने शुल्क सम्झनु पर्छ ।

ड. "लाभान्वित समूह" भन्नाले सम्बन्धित विद्यालयमा तोकिएको कक्षा र विषय समूहमा अध्ययनरत विद्यार्थीहरु सम्झनु पर्छ ।

ढ. "नि:शुल्क" भन्नाले सम्बन्धित सामुदायिक विद्यालयहरुले विद्यार्थीहरुसँग लिने शुल्क (भर्ना, शिक्षण र परीक्षा बापत शुल्क) मा भएको छुट वा सहुलियत सम्झनु पर्छ ।

ण. "अध्ययन सहयोग" भन्नाले सम्बन्धित सामुदायिक विद्यालयहरुले माध्यमिक तह कक्षा (११-१२) अध्ययनरत विद्यार्थीहरुका लागि नि:शुल्क अध्ययनको अवसर प्रदान गरे बापत शंखरापुर नगरपालिकाबाट सम्बन्धित विद्यालयलाई प्रदान गरिने भर्ना, शिक्षण, परीक्षा शुल्क आदि बापतका लागि उपलब्ध गराउने रकम सम्झनु पर्छ ।

त. "शिक्षा समिति" भन्नाले शंखरापुर नगरपालिका, नगर शिक्षा समिति सम्झनु पर्छ ।

थ. "शिक्षा अधिकृत" भन्नाले शंखरापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयका शिक्षा अधिकृत सम्झनुपर्छ ।

द. "विद्यालय व्यवस्थापन समिति" भन्नाले माध्यमिक तह कक्षा११-१२) सञ्चालित सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ध. "प्रधानाध्यापक" भन्नाले शंखरापुर नगरपालिका अन्तर्गत सञ्चालित माध्यमिक तह कक्षा (११-१२) सामुदायिक विद्यालय प्रधानाध्यापक सम्झनु पर्छ ।

न. "शिक्षक" भन्नाले शंखरापुर नगरपालिका अन्तर्गत सञ्चालित माध्यमिक तह कक्षा (११-१२) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक सम्झनु पर्छ ।

ऩ. "विद्यार्थी" भन्नाले शंखरापुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका माध्यमिक तह कक्षा (११- १२) मा भर्ना भई नियमित अध्ययनरत छात्राछात्र सम्झनु पर्छ ।

प. "अभिभावक" भन्नाले शंखरापुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय कक्षा (११-१२) मा अध्ययनरत विद्यार्थीहरुका बुबा, आमा, हजुर बुबा आमा, दाइ दिदी वा संरक्षक सम्झनु पर्छ।

फ. "लक्षित समूह" भन्नाले दफा २ (प) वमोजमको विद्यार्थी सम्झनु पर्छ ।

ब. "शैक्षिक कार्यक्रम" भन्नाले कक्षा ११ र १२ मा अध्यापन हुने सबै विषयलाई सम्झनुपर्छ ।

परिच्छेद दुई

नि:शुल्क अध्ययन सहयोग कार्यक्रमको उद्देश्य

३. नि:शुल्क अध्ययन सहयोग कार्यक्रमको उद्देश्यहरु निम्नानुसार हुनेछ ।

क. सामुदायिक विद्यालयको कक्षा (११-१२)मा अध्ययनरत विद्यार्थीहरुलाई नि:शुल्क अध्ययनको अवसर प्रदान गर्नु ।

ख. सामुदायिक विद्यालयहरु विशेष गरी कक्षा (११-१२) मा विद्यार्थीहरुको भर्ना वा पहुँच विस्तार गर्नु।

ग. सामुदायिक विद्यालयहरुको कक्षा (११-१२) मा अध्ययनको अवसर सुनिश्चित गर्नु ।

घ. नयाँ शैक्षिक सत्रमा कक्षा ११ भर्ना भई नियमित अध्ययनरत विद्यार्थीहरुलाई नि:शुल्क भर्नाको सहुलियत प्रदान गर्नु ।

ङ. कक्षा (११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयहरुलाई परीक्षा शुल्क बराबरको बजेट उपलब्ध गराउनु ।

च. माध्यमिक तह सम्मको नि:शुल्क शिक्षा प्राप्तिका लागि नगरवासीहरूमा अध्ययनको वातावरण तयार गर्नु ।

छ. माध्यमिक तह कक्षा (११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयहरुलाई न्यूनतम सिकाई वातावरण कायम र उच्च शैक्षिक गुणस्तर कायम गर्न प्रोत्साहन अनुदान उपलब्ध गर्नु ।

परिच्छेद तीन

नि:शुल्क अध्ययन सहयोग कार्यक्रमका लागि न्यूनतम शर्त तथा मापदण्ड र विद्यार्थीको योग्यता

४. **न्यूनतम शर्त एवम् मापदण्ड तथा विद्यार्थीको योग्यता :** (१) यो निर्देशिका बमोजिमको नि:शुल्क अध्ययन सहयोग कार्यक्रमका लागि आवेदन दिने विद्यार्थीहरुका लागि देहायबमोजिमको शर्त एवम् मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(क). शंखरापुर नगरपालिका अन्तर्गत माध्यमिक तह कक्षा (११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयमा भर्ना एवम् अध्ययन गरेको ।

(ख). कक्षा ११ र १२ मा मासिक रुजु उपस्थिति न्यूनतम ७५% भएको ।

(ग). कक्षा ११ मा अध्ययन पश्चात् कक्षा १२ मा भर्ना भएको ।

(घ). विद्यालयबाट सञ्चालित कक्षा (११-१२) को आवधिक परीक्षामा सम्मिलित भएको ।

(ङ). विद्यार्थीहरु नियमितरुपमा अध्ययन गरिरहेको भन्ने बेहोराको विद्यालयको सिफारिस पत्र ।

५. नि:शुल्क अध्ययन सहयोग कार्यक्रम अनुदान निकासा एवम् खर्च सोधभर्नाका लागि आवश्यक न्यूनतम कागजातहरु /आधारहरु/लक्षित समुह र अनुदान रकम : (१)यो निर्देशिका बमोजिम दफा ३ बमोजिमका शर्त र मापदण्ड पुरा गरेका विद्यार्थीहरुलाई अध्ययन सहयोग शुल्क बापतको सहुलियतका लागि तपसील अनुसारको कागजातहरु सम्बन्धित विद्यालयले शंखरापुर नगरपालिकामा पेस गर्नु पर्नेछ।

क. अध्ययन गरेको कक्षा र विषय समूह एकिनसहित विद्यालयको सिफारिस पत्र पेस भएको।

ख. कक्षा (११-१२) मा अध्ययनरत छात्रछात्राहरूका लागि नि:शुल्क अध्ययन सहयोग कार्यक्रम सोधभर्ना एवम् निकासाका लागि नगर शिक्षा समितिको निर्णय।

ग. विद्यालयले लिएको आन्तरिक तथा बाह्य परीक्षाको प्रगति विवरण पेस गर्नुपर्ने।

घ. विषयगत समूहमा अध्ययनरत विद्यार्थीहरुको भर्ना अभिलेख र नियमित रुजु उपस्थितिको प्रमाणित अभिलेख पेस गरेको ।

ङ. नि:शुल्क अध्ययनका लागि विद्यालयहरुलाई उपलब्ध हुने अध्ययन सहयोग शुल्क बापतको खर्च रकम सोधभर्नाका लागि विद्यालयले एकमुष्ट माग गरेको।

च. राष्ट्रिय परीक्षा बोर्डमा परीक्षा आवेदन शुल्क बुझाएको भौचरको प्रतिलिपि

छ. सबै विषय समूहका नयाँ भर्ना एवं अध्ययनरत कक्षा ११ र १२ का विद्यार्थीहरुका लागि प्रति विद्यार्थी अध्ययन सहयोग शुल्क रु ५०००/- का दरले एकमुष्ट अनुदान वा सोधभर्ना स्वरुप विद्यालयमा निकासा प्रदान गर्ने ।

ज. विद्यालयले लिएको आन्तरिक परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीहरुलाई यो सुविधाबाट बञ्चित गरिनेछ।

झ. यो सुविधामा सहभागी विद्यार्थीहरुलाई नगर शिक्षा समितिले पहिचान गरेको क्षेत्रमा आवश्यकता अनुसार सामाजिक सेवामा परिचालन गर्न सक्नेछ।

परिच्छेद चार

विविध

६. सेवा क्षेत्र र लक्षित समूह : (१) यस नगरपालिकाका माध्यमिक तह कक्षा (११-१२) सञ्चालित सामुदायिक विद्यालयहरु लक्षित समूह हुनेछ ।

७. अपेक्षित उपलब्धि :- (१)यो निर्देशिका बमोजिम यो कार्यक्रमको कार्यान्वयन पश्चात् देहाय अनुसारका उपलब्धिहरु हासिल हुनेछन ।

क. कक्षा (११) र (१२) मा अध्ययनरत सबै समूहका सबै विद्यार्थीहरुमा अध्ययन सहयोग शुल्क सहुलियत सहित निःशुल्क अध्ययनको अवसर प्राप्त हुनेछ ।

ख. कक्षा (११ र १२) को भर्ना दर र उत्तीर्ण दरमा वृद्धि, कक्षा छाड्ने दर र दोहोराउने दरमा कमी हुनेछ ।

ग. मासिक शिक्षण शुल्कको सहुलियत अध्ययनरत विद्यार्थीहरुले प्राप्त गर्नेछन् ।

घ. सेवा प्रदायक शिक्षण संस्था र निकाय प्रति अभिभावकको सकरात्मक सहयोगको वातावरण कायम हुनेछ ।

ङ. न्यूनतम सिकाई वातावरण कायम गर्न माध्यमिक तह कक्षा ११ र १२ सञ्चालित सामुदायिक विद्यालयले आधारभूत अनुदान प्राप्त गर्नेछन् ।

च. शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि माध्यमिक तह कक्षा ११ र १२ सञ्चालित सामुदायिक विद्यालय कार्यसम्पादन प्रोत्साहन अनुदान प्राप्त गर्नेछन् ।

छ. माध्यमिक तह कक्षा (११-१२) सञ्चालन भएका ५ सामुदायिक विद्यालयहरुमा न्यूनतम सिकाई वातावरण तयार भई गुणस्तरीय शिक्षाको अवसर प्राप्त गर्नेछन् ।

८. **आवश्यक व्यवस्था मिलाउने:** यो निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा वा समस्या परेमा नगर शिक्षा समितिले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

९. **प्रचलित कानून बमोजिम हुने:** यो निर्देशिकामा उल्लेख भए वाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **निर्देशिकामा संशोधन** : यो निर्देशिकालाई शंखरापुर नगरपालिकाले समयानुकुल संशोधन एवम् परिमार्जन गर्न सक्नेछ।

११. **खारेजी तथा बचाउः** शंखरापुर नगरपालिका माध्यमिक तह कक्षा (११-१२) नि:शुल्क अध्ययन कार्यक्रम व्यवस्थापन निर्देशिका,२०७९ खारेज भई यस अघि भए गरेका कार्यक्रमहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

आज्ञाले,
चुरामणि पन्थी
शंखरापुर नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत